# चामे गाउँपालिका

# स्थानीय राजपत्र

चामे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ०८)चामे, साउन १० गते, २०८१ साल (संख्या ०५


## भाग २

## चामे गाउँपालिका, गाउँ कार्यपालिकाको सूचना

वडा कार्यालय सञ्चालन खर्चको मापदण्ड २०८१

कार्यपालिकावाट स्वीकृत मिति २०८१।०४।०६

यस चामे गाँउपालिकाको पालिका भित्रका सवै वडाहरुलाई वडा सञ्चालनमा एकरुपकता ल्याई खर्चमा मितव्ययिता र पारदर्शि बनाउन आवश्यक देखिएकाले प्रति बडा वढिमा एक लाख खर्च गर्न पाउने गरि यो कार्यविधि तयार गरिएको छ । वडा सञ्चालको लागी तपसिल बमोजिमको शिर्षकमा निम्न बमोजिम रकम खर्च गर्न सकिने छ। खर्च भएको रकम वडा समितिको बैठक बाट निर्णय र अनुमोदन गरि विल भर्पाई सहित

वडा सचिवले भूक्तानी पाउने छ । आवश्यक परेमा वडा सचिवले चौमासिक रुपमा पेश्की लिई खर्च गरि फस्यौट गर्न सक्नेछ ।

तपसिल

| सि.न. | खर्च शिर्षक | मासिक दर | वार्षिक जम्मा |
|---|---|---|---|
| १ | वडा समिती बैठक खाजा<br>वडा समितको बैठक बस्दा नडा समितिका सदस्य तथा कर्मचारीलाई खाजा वापत हुने खर्च तथा वडामा भाउने अतिची लाई चियापान वापतको खर्च | २८००\|०० | ३३६००\|०० |
| २ | वडामा जडान भएको नेट शुल्क तथा वडा सचिव लाईसञ्चार वापतको खर्च | २०००\|०० | २४०००\|०० |
| ३ | वडा अध्यक्ष मोटर साईकल मर्मत वापतको खर्च | २०००\|०० | २४०००\|०० |
| ४ | वडामा भएका मेसिनरी औजार कम्प्यूटर प्रीन्टर लगाएत अन्य मर्मत खर्च | १०००\|०० | १२०००\|०० |
| ५ | वडामा तत्काल आवश्यक हुने कूचो झाडु सरसफाई सामग्रीहरु फिनेल वल्व, छाप आदि वापतको खर्च | ५००\|०० | ६०००\|०० |

**प्रमाणीकरण मिति** २०८१ साल साउन १० गते विहिवार

**आज्ञाले**,

**नम नारायण मल्ल**

**नि प्रमुख प्रशासकीय अधिकृत**

खण्ड ०८)चामे, साउन १० गते, २०८१ साल (संख्या ०६

# कर्मचारीलाई दिइने ईन्धन तथा सवारी साधन मर्मत खर्चको मापदण्ड

# २०८१

कार्यपालिकाबाट स्वीकृत मिति २०८१। :०४।०६

यस चामे गाँउपालिकाको कर्मचारीलाई कुपन बाट दिदै आएको ईन्धन खर्च र सवारी साधनको विल बमोजिमको मर्मत खर्चलाई मितव्ययीता र पारदर्शि र कार्यालयको कामलाई छिटो छरितो बनाउन तथा शाखा प्रमुखलाई जिममेवार बनाई कार्यसम्पादन वृद्धि गर्न यातायात खर्च रसवारी साधन भएका सम्वन्धित कर्मचारीलाई मासिक रुपमा नगदै मर्मत खर्च उपलब्ध गराउन आवश्यक देखिएकाले यो कार्यविधि निर्माण गरिएको छ ।

| सि.नं. | विवरण | मासिक रकम | कैफियत |
|---|---|---|---|
| १ | यातायात खर्च (ईन्धन शिर्षक वाट<br>१) पूर्वाधार तर्फ खटीने प्राविधक कर्मचारीहरु सबै<br>२) कृषि, पशु र स्वास्थ्य तर्फका प्राविधिक कर्मचारीहरु<br>३) अन्य शाखा प्रमुखहरु | <br><br>रु ५००।००<br>रु २०००।००<br>रु १५००।०० | १) शाखा प्रमुख भन्नाले पालिकाले स्वीकृत गरेको (ONM) मा भएको शाखालाई बुझाउने छ ।<br>२) लगातार १५ दिन भन्दा वढि अनुपस्थित हुने कर्मचारीलाई उक्त अवधिको सुविधा दिईने छैन । |

| सि.नं. | विवरण | मासिक रकम | कैफियत |
|---|---|---|---|
| २ | सवारी साधन मर्मत खर्च<br>१) प्राविधिक कर्मचारी सवारी साधन मर्मत खर्च सरकारी सवारी साधन भएकालाई मात्र<br>२) अन्य कर्मचारी सवारी साधन मर्मत खर्च सवारी साधन भएकालाई मात्र | | वार्षिक रु २४,०००।००<br>वार्षिक रु १५,०००।०० |

प्रमाणीकरण मिति : २०८१ साल साउन १० गते बिहिबार

**आज्ञाले**,

**नम नारायण मल्ल**

**नि प्रमुख प्रशासकीय अधिकृत**



**मुद्रक** : चामे गाउँपालिका, गण्डकी प्रदेश । मूल्य रु २०।-